फोन नं. ०९१-४१९०९४
फ्याक्स नं. ०९१-४१९०९४

# लम्कीचुहा नगरपालिका कार्यालय

**भल्का, कैलाली**

## लम्की चुहा नगरपालिकाको
## एकीकृत सम्पत्ति विवरण पेश गर्ने बारे सम्पत्ति धनीहरुलाई अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मितिः-२०७२/१२/०१**

लम्की चुहा नगरपालिका कार्यालयले हालसम्म मालपोत कर, घर कर असुल गरी आएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम आ.व. २०७२/०७३ देखि एकीकृत सम्पत्ति कर लागू गरिएकोले लम्की चुहा नगरपालिका क्षेत्र भित्र घर जग्गा रहेका जग्गाधनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिका कार्यालयमा लगत कायम गराउनु हुन २०७२/०७/३० गतेसम्म अन्तिम मिति राखि प्रथम पटक मिति २०७२/०३/२५ गते र २०७२/११/३० गते सम्म अन्तिम मिति राखि २०७२/०८/०८ गते दोस्रो पटक सूचना प्रकाशित गरिएकोमा धेरै सेवाग्राहीहरुबाट लगत पेश हुन बाँकी देखिएको र म्याद थपको लागि माग भई आएको हुँदा यो कार्यलाई प्रभावकारी बनाउन एकीकृत सम्पत्ति विवरण पेश गर्न मिति २०७२/१२/३० गते सम्म १ महिना पुनः म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि तेस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम लम्की चुहा नगरपालिका कार्यालयबाट निःशुल्क रुपमा प्राप्त गर्नु भई सो फाराममा सत्य तथ्य बिवरण भरी मिति २०७२ साल चैत्र ३० गते भित्र लम्की चुहा नगरपालिका कार्यालयमा दाखिला गर्नु हुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गा धनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरुले बिलम्ब शुल्क तिर्नु पर्ने हुँदा तोकिएको समय भित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि नेपाली नागरिकता र जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि सहित आ.व. २०७१/०७२ सम्मको मालपोत, घरजग्गा कर चुक्ता गरेको रसिद पेश गर्नु पर्नेछ । एकीकृत सम्पत्ति कर तिरेपछि सो घर/जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि
लम्की चुहा नगरपालिका कार्यालय
भल्का, कैलाली
सम्पर्क फोन नं. ०९१-४१९०९४